# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मादी गाउँपालिका
## कास्की

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मादी गाउँपालिका

कास्की

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मादी गाउँपालिका

कास्की

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

प.सं. २०८०।८१
च.नं. १३

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कास्की।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. २ करोड ५९ लाख ५४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फछ्यौंटका लागि पेस नभएको र बाँकी बेरुजु असूल गर्नुपर्ने रु. ११ लाख ३४ हजार, अनियमित भएको रु.६६ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड ७६ लाख ६ हजार र पेश्की रु.५ लाख ६३ हजार समेत गरी यस वर्ष रु. २ करोड ५९ लाख ५४ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १ करोड १४ लाख ७९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३ करोड ४३ लाख ६६ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

# मादी गाउँपालिका,
# कास्की जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ३९ | २५९५४ | ० | ० | ० | ० | ५० | ३९ | २५९५४ | ११३४ | ६६५१ | १७६०६ | ० | ० | २४२५७ | ५६३ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मादी गाउँपालिका, कास्की | ११४७९ | ० | ३०६७ | ८४१२ | ० | २५९५४ | ३४३६६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | सम्परीक्षण भएको रकम |
|---|---|---|
| १ | ०७९।८० (चालु आ.व.) | ० |
| | गत विगत वर्षतर्फको | |
| १ | २०७८।७९ | २९८८९७६ |
| २ | २०७७।७८ | ७८१४५ |
| ३ | २०७६।७७ | ० |
| | **गत विगतको जम्मा** | **३०६७१२१** |
| कुल जम्मा | | **३०६७१२१** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय -**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल ५६३ वर्ग किलोमिटर तथा जनसंख्या १६ हजार ३१८ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२४ देखि २०८०।९।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आयव्यय तर्फ रु. ८९,२०,०१३१४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असूली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०,२०,१५७।०० असूल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | महारुद्र मा. वि. लाई तलबमा बढी निकासा भएको | ४४८५६ |
| २ | सेवा मिलन आ. वि. लाई तलबमा बढी निकासा भएको | ९८२०० |
| ३ | जन कल्याण मा. वि. लाई छात्रवृति बढी निकासा | १६०० |
| ४ | हिमालय मा. वि. लाई तलबमा बढी निकासा | ५५२२६ |
| ५ | महारुद्र मा. वि. लाई तलबमा बढी निकासा भएको | ४३०९ |
| ६ | अग्रिम आयकर | ८१९२६ |
| ७ | आय ठेक्काको मूल्य अभिवृद्धि कर | ७१००१९ |
| ८ | घ्याम्राङ्ग रोहीगाउँ सेतीखोला, कृषि सडक स्तर उन्नतीमा बढी भुक्तानी | ११५६७ |
| ९ | पधेरो ध्रुव मा वि सिमिकोट मोटरबाटोमा बढी भुक्तानी भएको | २८२३ |
| १० | ध्रुव मा वि प्रतिक्षालय निर्माणमा बढी भुक्तानी भएको | ३७१६ |
| ११ | ताङ्तिङ खेलमैदान निर्माणमा बढी भुक्तानी भएको | ५९१५ |

(झ) यस गाउँपालिकाको एकीकृत आर्थिक विवरण अनुसुचीमा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७,४७,७१,३२३.०० र गरिबसँग विशेश्वर कार्यक्रमको रु. ६,२५,१५९.०० समेत गरी रु.१७,५३,९६,४८२.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- पालिकाले आ.व. २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- राजस्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजश्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरूपमा कार्यान्वयनमा नल्याएको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार नगरेको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क खडा नगरेको,

- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरूको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही हरूको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरू सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख नराखेको,
- वडाबाट विभिन्न बैठकहरू वसी भत्ता भुक्तानी गरेकोमा वडागत बैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा बैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपूर्ण निर्णय नभएको,
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यदिश नभएको,
- अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमुना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन, ८ वटा नियमावली, ७५ कार्यविधि लगायत ११० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ११० वटा कानुनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत भएतापनि उक्त कानुनहरू मध्ये ७ वटा राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी उजुरी रहेको छैन। यो वर्ष दर्ता भएको २ उजुरी मध्ये एक फछ्र्यौट भई एक बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका उपाध्यक्षले मिति २०७९।३।६ मा रु. ७३ करोड १७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ६० लाख ८४ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर

पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

९ **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल बजेट (रु.) | कुल खर्च (रु.) | चौमासिक खर्च (रु.) | | | आषाढ महिनाको खर्च (रु.) |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | २७९३०८३३५ | १७६०८३७६८. | ४२४३१९६ | ३३५३२९२२ | १३८३०७६५० | ७६३९०८३९ |
| प्रतिशत | | ६३.०४ | २.४१ | १९.०४ | ७८.५५ | ४३.३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक पुँजीगत बजेट रु. २७,९३,०८,३३५।०० मध्ये रु. १७,६०,८३,७६८।०० अर्थात ६३.०४ प्रतिशत खर्च भएको छ । खर्च मध्ये प्रथम चौमासिकमा रु. ४२,४३,१९६।०० (२.४१ प्रतिशत), दोस्रो चौमासिकमा रु. ३,३५,३२,९२२।०० (१९.०४ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १३,८३,०७,६५०।०० (७८.५५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसैगरी आषाढ महिनामा मात्र रु. ७,६३,९०,८३९।०० (४३.३८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। साथै पुँजीगत बजेटको ६३.०४ प्रतिशत मात्र खर्च भएकोले खर्च क्षमता बढाउनु पर्ने देखिन्छ ।

१० **खर्च विश्लेषण -** पालिकाले यसवर्ष गत वर्षको अ.ल्या. रु. १२,६३,८१,३३४।३२ यो वर्षको आन्तरिक आयबाट रु. १,८०,७४,२५४।०० राजस्व बाँडफाँड र अनुदानबाट रु. २२,८७,०५,११५।०० समेत रु. ३७,३१,६०,७०३।१५ आम्दानी भएकोमा चालु तर्फ रु. ८,७९,३६,९८९।०० र पुँजीगत तर्फ रु. १२,२१,०८,८०८।०० गरी रु. २१,००,४५,७९७।०० खर्च भएको छ । यो आम्दानी तथा खर्चमा सशर्त समपुरक र विशेष अनुदान तर्फको आम्दानी तथा खर्च समावेश छैन । उपरोक्त खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.६० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. १,४४,५२,९५७।०० खर्च भएको छ जुन आन्तरिक आयको ७९.९६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै प्रकारको अनुदान (सामाजिक सुरक्षा समेत) र राजस्व बाँडफाँडको रकमबाट रु. ७०,२४,०८,२१५।५७ खर्च भएकोमा ७४.९३ प्रतिशत चालु र २५.०७ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष पूर्वाधार मर्मत सुधार शिर्षकमा रु. ४० लाख अबण्डा बजेट व्यवस्था गरी ३४ योजनामा रु. ३२,९३,२०८।०० र अन्य पूर्वाधार निर्माण सुधार शिर्षकमा रु. २३ लाख बजेट व्यवस्था गरी २ योजनामा रु.२,४१,७००।०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाको विवरण अनुसूचीमा संलग्न छ । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | योजना | खर्च रकम (रु.) |
|---|---|---|
| १ | नागिधार रवैडाँडा सडक मर्मत | ११५९०० |
| २ | धनुवास सिम्ले उपल्लोस्वारा माझाडी मोटरबाटो मर्मत सुधार | ४७००० |
| ३ | वडा नं ४ सडक सुधार योजना उपभोक्ता समिति | ७९००० |
| ४ | असारेल्हो सडक निर्माण योजना | २०३००० |
| ५ | थुम्सिकोट भाचोक सडक खण्ड सोलिङ तथा मर्मत | १८८५०० |
| ६ | देवी चौतारामा ट्रस्ट निर्माण योजना | ६५९०० |
| ७ | मैलुङडाँडा भुमारे हुँदै तप्राङ कृष्ण सडक | ७४६०० |
| ८ | वडा नं ४ सडक सुधार योजना | १२६६०० |
| ९ | भाचोक ३-४सम्म पारीटोलबाट गहतवारी पँधेरोसम्म बाटो निर्माण | ९२३०० |
| १० | बुद्ध पोखरी ढल निकास योजना | ९५००० |
| ११ | ढोडेनी महघारी नौलेडाँडा सडक निर्माण | ४५००० |
| १२ | तामाङ सांस्कृतिक समाज घर भान्छा कोठा निर्माण | ८५००० |
| १३ | भगेरी गाउँ जाने मोटरबाटो निर्माण | ९६००० |
| १४ | यार्मदिखि बियाडसम्म गोरेटो बाटो नि | ९३००० |
| १५ | वाड नं ५ सडक सुधार योजना | ९०८०० |
| १६ | विश्वकर्मा सामुदायिक भवन ढोका मर्मत योजना | १९००० |
| १७ | वडा नं ३ ट्रस भुइँ ढलान | ५३००० |
| १८ | खिलाङदेखि त्ही जाने गोरेटोबाटो निर्माण | ९३५०० |

| | | |
|---|---|---|
| १९ | शालिक निर्माण | २८९२०० |
| २० | नौदिप्रो जाने सिँढीबाटो निर्माण योजना | ४७००० |
| २१ | पहारी थर मोटर बाटो | ९४००० |
| २२ | हाडीखोला गुरुङ समाज भवन निर्माण | ८०७०० |
| २३ | लुम्दी मोटरबाटो निर्माण योजना | ४४००० |
| २४ | ज्याउँदु मादी नदीले कटान गरेको ठाउँमा ग्याविन भर्ने | ४१००० |
| २५ | लिप्यानी तमु समाज भवन पैरो नियन्त्रण | ९५००० |
| २६ | याङ्जाकोट बसपार्क ग्याविन जाली तथा नाला निर्माण | १४९००० |
| २७ | मादिवेशि सिँचाइ कुलो मर्मत | २८००० |
| २८ | कुस्कुडाँडा आमा समूह भवन मर्मत | १५१९०० |
| २९ | वाड नं ११ सडक सुधार योजना | ७८९०० |
| ३० | १२ वडा भित्रको सडक मर्मत | ३५७२०० |
| ३१ | श्री सीताराम माध्यमिक विद्यालय भान्साकोठा | ९०३०० |
| ३२ | दोबाटोदेखि कोन्छे मन्दिर मोटरबाटो मर्मत | २२००० |
| ३३ | भेडीखर्क पुनडाँडा मोटरबाटो सफाइ | ३०४०० |
| ३४ | पोखरी मर्मत | ३१५०८ |
| ३५ | माझाडिही तल्लो उपल्लो सिँचाइ आ | ४७००० |
| ३६ | श्री ध्रुव माध्यमिक विद्यालयको पर्खाल निर्माण | १९४७०० |
| कुल जम्मा खर्च | | ३५३४९०८.०० |

१२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १२ वडाको लागि २०६ वडागत योजनाहरू र १४५ पालिका स्तरीय गरी कुल ३५१ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | १४५ | ३८ | ६१ | ४६ |
| २ | वडा स्तरीय | २०६ | ५ | २८ | १७३ |
| जम्मा | | ३५१ | ४३ | ८९ | २१९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१४ योजनामात्र कार्यान्वयन भई ३७ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | ४९१९५००० | ३१९२५३६० | ६४.९० | ६.०६ |
| सामाजिक क्षेत्र | ३५६९८९५५५ | २९०३६३२९२ | ८१.३४ | ५५.१० |
| पूर्वाधार विकास क्षेत्र | १८०७१८३३४ | १०६९६०४२५ | ५९.१९ | २०.३० |
| वित्तीय व्यवस्थापन र सुशासन/ वातावरण तथा विपद् व्यवस्थापन | ३८३२७००० | १६१९७७७८ | ४२.२६ | ३.०७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च /संस्थागत विकास र सेवा प्रवाह | १०६४५७४४५ | ८१५६४८७९ | ७६.६२ | १५.४८ |
| जम्मा | ७३१६८७३३४ | ५२७०११७३४ | ७२.०३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु. ७३ करोड १६ लाख ८७ हजार मध्ये पालिकाले ७२.०३ प्रतिशत खर्च गरेको छ । खर्च मध्ये सबैभन्दा बढी अर्थात ५५.१० प्रतिशत सामाजिक क्षेत्रमा र सबै भन्दा घटी अर्थात ३.०७ प्रतिशत वित्तीय व्यवस्थापन र सुशासन/ वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा खर्च भएको छ। पालिकाले स्थानीय आवश्यकता तथा माग बमोजिम र प्रादेशिक तथा राष्ट्रिय नीति तथा कार्यक्रमहरूसँग तादाम्यता कायम हुने गरी बजेट तथा कार्यक्रम तयारी तथा कार्यान्वयन गर्नुपर्दछ ।

१४ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| सङ्घीय तथा प्रदेश अनुदानबाट खर्च (रु.) | आन्तरिक आय (रु.) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५,२०,२५,०८४ | १,८०,७४,२५४ | ५.१३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त सङ्घीय तथा प्रदेश अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.१३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १,२९,६०,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,८०,७४,२५४।०० अर्थात अनुमान भन्दा ३९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ५ लाख अनुमान गरेकोमा रु. २,८६,१२६।०० मात्र सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१७ **शुन्य प्रगति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । पालिकाको सभाबाट पारित भएका योजनाहरू कार्यान्वयन हुनुपर्दछ। पालिकाले निम्नानुसार २ करोड ३८ लाख ९५ हजारका ३७ योजनाहरू कार्यान्वयन गरेको छैन । यसबाट आवश्यकता र प्राथमिकतामा आधारित योजनाहरू छनौट नभएको देखिन्छ । स्थानीय आवश्यकताको आधारमा कार्यान्वयन योग्य योजनाहरू छनौट गरी छनौट भए पश्चात अनिवार्य रूपमा कार्यान्वयन हुने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट (रु. हजार) | कार्यान्वनय नहुनको कारण |
|---|---|---|---|
| १ | अति विपन्न नागरिक आवास निर्माण | १५०० | लगत सङ्कलन नभएको |
| २ | सैमराङ समाजघर भान्छाकोठा निर्माण | १०० | लागत अनुमान भन्दा कम बजेट विनियोजन भएको |
| ३ | सुन्दरडाँडा समाज घर निर्माण क्रमागत | ७०० | उपभोक्ता समिति गठन नगरिएको |
| ४ | चमेना गृह निर्माण | ४०० | उपभोक्ता समिति गठन नगरिएको |
| ५ | गाउँपालिका गेट निर्माण DPR | १००० | उपभोक्ता समिति गठन नगरिएको |
| ६ | लम्तरी पर्यटन मार्ग निर्माण | २००० | उपभोक्ता समिति गठन नगरिएको |
| ७ | मर्के महभिर सडक निर्माण | २००० | उपभोक्ता समिति गठन नगरिएको |
| ८ | सोंधा मैदोती सडक | ५०० | उपभोक्ता समिति गठन नगरिएको |
| ९ | चालिसे खानेपानी ट्यांकी वडा नं ९ | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| १० | थुम्सिकोट प्राथमिक स्वास्थ्य केन्द्र खानेपानी मर्मत | ७५ | उपभोक्ता समिति गठन नगरिएको |
| ११ | उपल्लो केउरानी खानेपानी मर्मत योजना | २०० | उपभोक्ता समिति गठन नगरिएको |
| १२ | सिमार खानेपानी ट्यांकी वडा नं ९ | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| १३ | ट्रष्ट निर्माण (डाँडापारी चौतारी १०००००, सालघारी पोखरी ट्रष्ट १००००० वडा नं ३) क्रमागत | २०० | उपभोक्ता समिति गठन नगरिएको |
| १४ | मनसुन जन्य प्रकोप प्रभावितको आवास निर्माण साझेदारी | ३००० | जिल्ला प्रशासन कार्यालयबाट घर निर्माणको काम सम्पन्न भएको भनी रकम माग नभएको |
| १५ | एक गाउँ एक हेलिप्याड निर्माण योजना | २०० | |
| १६ | जग्गा प्राप्ति खर्च | ५००० | राजनीतिक विवादको कारण निर्णय नभएको |
| १७ | पर्यटकीय क्षेत्रको प्रवर्द्धनको लागि ५० प्रतिशत अनुदानमा घोडा खरिद कार्यक्रम | १५०० | सूचना प्रकाशन भएपनि आवेदन नपरेको |

| | | | |
|---|---|---|---|
| १८ | पर्यटन सूचनाको लागि होडिङ्ग वोर्ड निर्माण | ४९५ | |
| १९ | वडा नं १ को सडक मर्मत सुधार | ३०० | गण्डकी प्रदेश सरकारको बजेटबाट काम भएको |
| २० | न्हेगी प्ल्हे गोरेटोबाटो निर्माण | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| २१ | पोदुखोला खानेपानी योजना | ५० | उपभोक्ता समिति गठन नगरिएको |
| २२ | सवु खोल्सा ढल व्यवस्थापन | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| २३ | सिक्लेस युवा क्लव खेलमैदान मर्मत | ५० | उपभोक्ता समिति गठन नगरिएको |
| २४ | थन्कु देउराली आमा समूह गेट निर्माण रङरोगन मर्मत | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| २५ | नारायणी आ.वि.किचन निर्माण | १५० | उपभोक्ता समिति गठन नगरिएको |
| २६ | राडी बख्खु माड्ने ट्रष्ट निर्माण | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| २७ | सीताराम मा.वि. खाजा घर निर्माण | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| २८ | कृषि सेवा केन्द्र भवन मर्मत | १५० | उपभोक्ता समिति गठन नगरिएको |
| २९ | होम स्टे बाट पुरानो समाजघरसम्म सिँडीबाट निर्माण | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| ३० | चिप्ली समाजघर मर्मत | १५० | उपभोक्ता समिति गठन नगरिएको |
| ३१ | थाक चियानघाट निर्माण | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| ३२ | गहते देखि देविडाँडा सिंढीबाटो निर्माण | ६०० | उपभोक्ता समिति गठन नगरिएको |
| ३३ | मिजुरे छापा गोर्जे खानेपानी मर्मत | ५० | उपभोक्ता समिति गठन नगरिएको |
| ३४ | ढोडेनी सामुदायिक भवन निर्माण योजना | १०० | उपभोक्ता समिति गठन नगरिएको |
| ३५ | नामार्जुङ, सैमराङ र भाचोक स्वास्थ्य चौकी भवन निर्माण योजना | २५०० | जग्गा व्यवस्थापनमा ढिलाइका कारण काम हुँदै गरेको चालु आ.वमा खर्च हुने गरी बजेट व्यवस्थापन |
| ३६ | कृषि/पशु औजार उपकरण प्लाष्टिक पोखरी खरिदमा अनुदान | १०० | कृषकको माग अधिक भएको बजेट विनियोजन कम भएकोले कार्यान्वयन गर्न नसकिएको |

| | | | |
|---|---|---|---|
| ३७ | कृषि/पशु औजार उपकरण नेट जाली खरिदमा अनुदान | १५० | कृषकको माग अधिक भएको बजेट विनियोजन कम भएकोले कार्यान्वयन गर्न नसकिएको |
| | जम्मा | २४१२० | |

१८ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको भए पनि वार्षिक नीति तथा कार्यक्रम र बजेट बीच तालमेल देखिँदैन । आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम र बजेट बिच नहुँदा आवधिक योजनाको कार्यान्वयन हुँदैन भने पालिकाको योजनाबद्ध विकास हुँदैन । आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम र बजेट बिच तादाम्यता हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **अधुरा आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले व्यवस्थापन गरेका निम्नानुसार ठेक्का अधुरो रहेको छ ।

१९.१ **पन्ध्र शय्या अस्पताल** - एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रु. २१,९९,८३,००५।०० लागत अनुमान भएको १५ शैय्याको अस्पताल निर्माणको लागि प्रतिष्ठा धुलिखेल जे.भी. सँग २०७८।७।८ गते २०८०।३।१० भित्र सम्पन्न गर्ने गरी रु.१४,२९,७४,४२१।०० मा सम्झौता भएकोमा हाल सम्मको भौत्तिक प्रगति शुन्य रहेको छ भने म्याद थप समेत भएको छैन । साईटको व्यवस्था तथा ड्रईङ तथा डिजाईन स्वास्थ्य मन्त्रालयबाट स्वीकृत हुनुपर्नेमा स्वीकृत नगरी ठेक्का व्यवस्थापन भएको देखिन्छ । मन्त्रालयबाट ड्रईङ तथा डिजाईन स्वीकृत गरी २०८०।३।५ गते नै पठाएको र पालिकाले च. नं. २६३८ मिति २०८०।३।२९ गते, च. नं. ३४८ मिति २०८०।५।१७ गते र च. नं. ६४५ मिति २०८०।७।१५ गतेको पत्रबाट निर्माण कार्य अघि बढाउने पत्राचार गरेकोमा हाल सम्म निर्माण व्यवसायी निर्माण स्थलमा परिचालन भएको छैन। अस्पताल निर्माणको लागि २०७८।७९ मा रु. ३ करोड प्राप्त भएकोमा रु. ६३,२६,३०१।०० पेश्की दिएको र बाँकी रकम फ्रिज भएको थियो भने २०७९।८० मा बजेट बिनियोजन भएन । २०८०।८१ मा रु.४० लाख बजेट विनियोजन भए पनि हाल सम्म पनि जग्गा विवाद, ड्रईङ तथा डिजाईन अनुसार जग्गा उपलब्ध हुन नसकेको कारण काम सुरु हुन नसकेको पालिकाले जनाएको छ । तर पालिकाले निर्माण कार्यको साईट सुपरिवेक्षण गर्न एक ईन्जिनियर नियुक्त गरी तलब बापत आ.ब. २०७९।८० मा मात्र रु. ५,२४,२६८।०० खर्च गरेको छ । ठेक्का व्यवस्थापन गर्नुपुर्व गर्नुपर्ने तयारी नगरी ठेक्का व्यवस्थापन गरेकोले ठेक्का अधुरो रहेको देखिन्छ । आयोजनाको काम समयमा नहुँदा बजेट फ्रिज भएको छ भने आयोजना सम्पन्न भए पश्चात प्राप्त हुने लाभ प्राप्ति भएको छैन । आवश्यक बजेट र निर्माण स्थलको व्यवस्थापन तथा निर्माण व्यवसायी परिचालन गरी कार्यसम्पन्न गर्नुपर्दछ ।

*भवन निर्माण स्थलको तस्विर*



१९.२ **सिक्लेस सांस्कृतिक ग्राम पूर्वाधार निर्माण -** नेपाल सरकारको समपुरक अनुदान अन्तर्गत रु. ४,७७,०१,७८० लागत अनुमान भएको सिक्लेस सांस्कृतिक ग्राम पूर्वाधार निर्माणको लागि मुक्तिनाथ प्राकृतिक जे.भि. सँग २०७८।७।७ गते २०७९।११।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हाल सम्मको भौत्तिक प्रगति २७ प्रतिशत रहेको छ । सम्झौताको म्याद २ पटक गरी २०८०।९।३० सम्म थप गरिए पनि सम्पन्न हुने सम्भावना छैन । निर्माण व्यवसायीले हाल सम्म पहिलो बिल बापत रु. ४७,४२,८७२ र पेश्की बापत रु. २६,२०,०००।०० गरी जम्मा रु. ७३,६२,८७२।०० भुक्तानी लगेको छ । सम्झौताको GCC ५७.३ मा ३० प्रतिशत कार्यसम्पन्न भए पश्चात प्रत्येक मासिक बिलको ४० प्रतिशतको दरले पेश्की कट्टा गर्नुपर्ने व्यवस्था भएको र ३० प्रतिशत काम समेत नभएकोले निर्माण व्यवसायीलाई मिति २०७८।९।१६ मा दिएको पेश्की रु. २६,२०,०००।०० हाल सम्म फछ्यौट भएको छैन । कार्यप्रगति ३० प्रतिशत नपुगेको र हाल थप बिल समेत पेश नभएको कारण पेश्की फछ्यौट नभएको पालिकाले जनाएको छ । लेखापरीक्षणको क्रममा स्थलगत निरिक्षण गर्दा ३।४ जना कामदारहरूले काम गरिरहेको देखिन्छ । यसले निर्माण व्यवसायी काम प्रति संवेदनशील नभएको देखिन्छ । पालिकाबाट पर्याप्त अनुगमन तथा सुपरिवेक्षण गरी यथाशीघ्र ठेक्का सम्पन्न गर्न ताकेता गर्ने र सो अनुसार काम नगरेमा खरिद कानुन तथा सम्झौता अनुसार आवश्यक कारबाही गरी ठेक्का सम्पन्न गर्नुपर्ने देखिन्छ ।

*आयोजना अन्तर्गतको एक भवनको तस्विर*



२० **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२१ **परामर्श तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम (रु.) | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत (रु.) | हाल आयोजनाको अवस्था |
|---|---|---|---|---|
| सोधा कृषि -खिलाङ सडक | डेल्कन इन्टरनेश्नल प्रा.लि. | ८८१७४७ | २६९३३४१९१ | संघ प्रदेश सरकारमा बजेट माग भएको |
| घ्याम्राङ- सेतीखोला- रोहीफाँट सडक | | | ६४४०७६९७० | संघ प्रदेश सरकारमा बजेट माग भएको |

| | | | | |
|---|---|---|---|---|
| याङ्जाकोट- ऋपुडाडा सडक | ब्रिक कन्सल्ट प्रा.लि. | १९४६५३८ | ११३७५९०१३४ | वन मन्त्रालयबाट IEE स्वीकृतिको प्रक्रियामा रहेको |
| राम्चे- याङ्जाकोट सडक | | | ४२३३३१४३ | संघ प्रदेश सरकारमा बजेट माग भएको |
| दारेगौडा -घाम्नुङ खोला सडक | | | ३१८६१४६८३ | योजना सञ्चालनमा रहेको |
| सबी-चाँसु- भेडीखर्क सडक | आकार इन्जिनियरिङ सोलुसन एन्ड कन्सट्रक्सन प्रा.लि. | ११७६७८२ | ४६५७०६०८६ | योजना सञ्चालनमा रहेको |
| भैसे -छाचोक सडक | | | २६६७००९८४ | संघ प्रदेश सरकारमा बजेट माग भएको |
| पुरानो भाचोक-लम्तरी सडक | | | २९७७५८२८२ | संघ प्रदेश सरकारमा बजेट माग भएको |
| भगवतीटार क्लोडस्टोर | महाकाली मेची टेक्नोलोजी एणड सप्लायर्स प्रा.ली | ४९८२८० | २३३८९९४९ | संघ सरकारको विषेश अनुदानमा योजना सञ्चालनमा रहेको |
| तप्राङ कोल्डस्टोर | हर्ज इन्जिनियरिङ प्रा.लि. | ४९७५४७ | १३२२०६८० | संघ सरकारको विषेश अनुदानमा योजना सञ्चालनमा रहेको |
| जम्मा | | ५०००८९४ | ३४७८७२५१०२ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका १० आयोजनाहरू मध्ये २ आयोजनाहरू मात्र कार्यान्वयनमा रहेको छ भने अन्य योजनाहरू कार्यान्वयनका लागि संघ सरकारलाई बजेट माग गरिएको पालिकाले जनाएको छ। डी.पी.आर.तयार भएका योजनाहरू कार्यान्वयन नहुँदा यसमा गरिएको खर्चको सार्थकता नहुने हुँदा आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयनमा लैजानुपर्दछ।

२२ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले निम्नानुसार सफ्टवेयर खरिद गरी सञ्चालनमा ल्याएकोमा उक्त सफ्टवेयर सञ्चालनको लागि सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । साथै आन्तरिक आय सङ्कलनको लागि सुत्र प्रणाली प्रयोग गर्नुपर्दछ ।

| सफ्टवयरको नाम | सफ्टवयर निर्माण गर्ने कम्पनी | प्रयोजन | खरिद वर्ष | खरिद रकम (रु.) | वार्षिक मर्मत लागत (रु.) |
|---|---|---|---|---|---|
| कर सङ्कलन प्रणाली | सफ्टेक इन्फोसिस प्रा.लि. | आन्तरिक आय सङ्कलन | २०७५ | ९७५०० | ३९००० |
| परिचयपत्र व्यवस्थापन प्रणाली | क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा.लि. | सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको परिचयपत्र वितरण | २०७९ | ४७०००० | ४७०००० |
| योजना व्यवस्थापन प्रणाली | क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा.लि. | योजना व्यवस्थापन | २०८० | ४९६००० | ७४४०० |

२३ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २२० दरबन्दी स्वीकृत रहेकोमा ७६ स्थायी १११ करार गरी कुल १८७ पदपूर्ति भई ३३ दरबन्दी रिक्त दरबन्दी रहेको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने भएकोले नियमानुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ

२५ **दरबन्दी बेगरको करार कर्मचारी** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरबन्दी भन्दा अन्य रूपमा कर्मचारीहरू राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी बेगर विभिन्न पदमा जम्मा १० जना कर्मचारीहरू राखी तलब भत्ता बापत रु. २३,५३,७२९।- खर्च लेखेको छ । दरबन्दी बेगर कर्मचारी नियुक्त गर्दा आर्थिक अनियमितता हुने, योग्यता प्रणाली कायम नहुने जोखिम रहन्छ। नियमानुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकताको आधारमा दरबन्दी सिर्जना गरी दरबन्दी अनुसार योग्यता प्रणालीलाई अनुसरण गरी पदपूर्ति गर्नुपर्दछ। स्वीकृत दरबन्दीबिना करारमा कर्मचारी नियुक्त गरी तलब भत्ता खर्च गरेको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २३,५३,७२९ |

२६ **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी अवकास कोषमा रु. १५ लाख ट्रान्सफर गरेको र गत वर्षको अ.ल्या. रु. २५ लाख समेत रु. ४० लाख जम्मा भएको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाई कोषलाई व्यवस्थित गर्नुपर्दछ ।

२७ **सेवाप्रवाह -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका बाट प्राप्त विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार सेवा प्रवाह गरेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिको लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १४०८ | १४०८ |
| २ | घरबाटो सिफारिस | २८९ | २८९ |
| ३ | नाता प्रमाणित | ६०८ | ६०८ |
| ४ | जन्मदर्ता | ५६८ | ५६८ |
| ५ | मृत्यु दर्ता | १५० | १५० |
| ६ | बसाईसराई | ४९ | ४९ |
| ७ | अन्य | ४३२८ | ४३२८ |

२८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२९ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले

उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी निम्नानुसार आर्थिक सहायता वितरण गरेको छ ।

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | विभिन्न ४९ जनालाई उपचार खर्च सहायता | ६०७००० |
| २ | विभिन्न १४४ जनालाई प्रकोप पीडितहरूलाई सहायता | १५४१००० |
| ३ | विभिन्न ४ नाफामूलक संस्थालाई अनुदान | ३७३७८० |
| ४ | विभिन्न १९ क्लब, संघ संस्थालाई सहयो | २४४१५६० |
| जम्मा | | ४९६३३४० |

उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १,८०,७४,२५४।०० को २७.४६ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ।

३१ **वितरणमुखी खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले देहाय बमोजिम वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ । यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्-

| भौचर नं. | कार्यक्रम | रकम (रु.) |
|---|---|---|
| ७३ | गाउँपालिकामा हरितालिका तिज विशेष शुभकामना आदानप्रदान कार्यक्रम | ६९८०० |
| ७५ | वडा नं ८ र ९ मा तिज विशेष कार्यक्रम | ५२३६० |

| | | |
|---|---|---|
| १०३ | मादी गाउँपालिका भलिबल समिति भलिबल प्रतियोगितामा भाग लिन जाँदा खर्च | ५४१२० |
| १०९ | गुरुङ पर्यटन व्यवसायी संघ नेपाल अन्तरक्रिया कार्यक्रम | ६०००० |
| ११६ | पालिकामा झण्डा पुजा तथा दशैको शुभकामना आदान प्रदान | ८११९० |
| २८१ | ऋपुडाँडामा कार्यपालिकाको दोस्रो कार्यकालको आठौ बैठकमा खाना बास तथा यातायात समेत | १२३१०० |
| २९९ | शुभकामना युवा क्लव तिज मेला | ५०००० |
| ३७९ | भगवती बरालडाँडा युवा क्लव साउण्ड सिस्टम तथा स्टेज सेटअप | १५०००० |
| ४१० | पालिका दिवस (रु.६२०६४ को नृत्य,बाजा तथा गीत प्रस्तुती बापत भुक्तानी) | ४९४०३३ |
| ४१२ | खिलाङ थन्कु देउराली क्लव तमु ल्होसार मेला | १००००० |
| ४४४ | भगवतिटार आलु महोत्सव २०७९ | २००००० |
| ४६७ | काउरे बयरघारी युवा क्लव फुटबल प्रतियोगिता | १५०००० |
| ५१६ | वडा नं ११ तिज विशेष कार्यक्रम | ३४१४० |
| ६०१ | वडा नं १ कपुचेमा आयोजित दशौं कार्यपालिका बैठकमा खाना,बाससमेतमा खर्च | ३३९६५० |
| ६२६ | ताङतिङ आमा समूह नारी दिवस कार्यक्रम | १५००० |
| ६४४ | तमु ह्युल छोंज धिँ गुरुङ राष्ट्रिय परिषद् १३ औं केन्द्रिय पार्षदसभा | १२५००० |
| ६४५ | तमु सञ्चारकर्मी संघ नेपाल पत्रकार सम्मेलनमा खाना खाजा | १००००० |
| | जम्मा | २१९८३९३ |

३२ **अन्य कार्यालयको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले इलाका प्रहरी कार्यालय मादी र अस्थायी प्रहरी पोष्ट भगवतीटारको लागि घरभाडा बापत क्रमशः रु. ३८,८९२।०० र रु.६०,०००।०० भुक्तानी गर्नुका साथै देहायबमोजिम अन्य खर्चहरूसमेत भुक्तानी गरेको छ । अन्य कार्यालयको कार्य सञ्चालनका लागि सोही कार्यालयबाट बजेट व्यवस्था हुने भएकोले पालिकाले गर्ने यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्ने देखिंदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं. | विवरण | रकम(रु.) |
|---|---|---|

| | | |
|---|---|---|
| ३९ | भवतीटार अस्थायी प्रहरी पोष्ट सवारी मर्मत तथा इन्टरनेट | १३८५२ |
| ६४ | इलाका प्रहरी कार्यालय मादी मौला पुजा तथा हातहतियार पुजाका लागि बोका खरिद | १५००० |
| ८७ | अस्थायी प्रहरी पोष्ट सिल्दजुरे र भगवतिटार तथा कालिका सामुदायिक प्रहरी मौला पुजा तथा हातहतियार पुजाका लागि बोका खरिद | ४५००० |
| २२१ | इलाका प्रहरी कार्यालय मादी खाना पकाउने ग्याँस | १८५० |
| ४८३ | अस्थायी प्रहरी पोष्ट भववतीटार मोटरसाइकल मर्मत | ५००० |
| ५३५ | इलाका प्रहरी कार्यालय मादी खाना पकाउने ग्याँस | ३७०० |
| ६४८ | याङ्जाकोट इलाका प्रहरी कार्यालय प्रेसर कुकर, ग्याँस चुल्हो समेत | ३३६३० |
| ६५० | इलाका प्रहरी कार्यालय मादी राउटर खरिद | ४००० |
| ६९४ | इलाका प्रहरी कार्यालय मादी ग्याँस खरिद | ३७०० |

३३ **आय ठेक्का व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा गिट्टी बालुवा बिक्री बापत प्राप्त रकम पालिकाले सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था छ । पालकाको आर्थिक ऐन,२०७९ को अनुसूची ११ मा रोडा, गिट्टि, गेग्रान, ढुङ्गा, चट्टान, स्लेट, चिप्स, बालुवा, चुन ढुङ्गाको उपयोग तथा विक्री बापत प्रति घन मिटर रु. ५०० को दरले कर निर्धारण गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न ७ घाटबाट ६६,३७२.१२ घन मिटर स्लेट, ढुङ्गा गिट्टी बालुवा उत्खनन् गरी न्युनतम रु. ३,३१,८६,०६०।०० राजश्व सङ्कलन गर्न सकिने देखिन्छ । पालिकाले यस शिर्षकमा वडा बाट रसिद काटी १२ वडा मार्फत रु. ६१,७१,७०४ र एक ठेक्काबाट रु. २२,५८,६६२।०० समेत रु. ८४,३०,३६६।०० मात्र राजश्व असूल गरी बाँडफाँड समेत गरेको छ । ढुङ्गा, गिट्टी, बालुवाको आय ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन्।

| घाटको नाम | IEE अनुसार उत्खनन् गर्न सकिने परिमाण | न्युनतम मूल्य (रु.) | कैफियत |
|---|---|---|---|
| सोधा ज्यादू | १५०६५ | ७५३२५०० | संरक्षण क्षेत्रमा परेकोले ठेक्का आवहान नभएको |
| ज्याउदू चित्रे | ९३०० | ४६५०००० | ठेक्का आवहान भएको |
| चित्रे इदि दोभान | १०७६० | ५३८०२३० | ठेक्का आवहान भएको |
| इदिदोभान वार्दी | १००३८ | ५०१९००० | ठेक्का आवहान भएको |
| मकै खोला | २१०६ | १०५३००० | स्थानीय विवाद ठेक्का आवहान नभएको |

| | | | |
|---|---|---|---|
| वार्दीदोभान रुदीदोभान | ८९८८ | ४४९३८३० | ठेक्का आवहान भएको |
| विजयपूर खोला | १०११५ | ५०५७५०० | ठेक्का आवहान भएको |
| कुल परिमाण | ६६३७२ | ३३१८६०६० | |

३३.१ **आय ठेक्का नलागेको -** पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन गरेको २ घाट संरक्षण क्षेत्रमा परेको तथा स्थानीय विवादको कारण जनाई ठेक्का आह्वान गरेको छैन भने विभिन्न ५ घाटबाट ४२,८९८.९८ घन मि. उत्खनन् गर्ने गरी २०७९।९।१ गते सूचना प्रकाशन गरेकोमा ज्याउदू चित्रे घाट (३९४० घन मि.) को मात्र रु.२२,५८,६६२।०० मा सम्झौता भएको छ । वातावरणीय प्रभाव मूल्याङ्कनबाट उत्खनन् गर्न सकिने गरी कायम भएको परिमाणमा वडा मार्फत अमानतबाट सङ्कलन भएको परिमाण घटाई ठेक्का आह्वान गरेको पालिकाले जनाएको छ । ठेक्का आह्वान भई सम्झौता नभएको कारण पालिकालाई रु. १,३१,५१,०५०।०० र स्थानीय विवादको ठेक्का आह्वान नभएको कारण रु. १०,५३,०००।०० गरी रु. १,४२,०४,०५०।०० राजश्व गुमेको छ । सो क्षेत्रमा ठेक्का नलागेतापनि (ठेक्का आह्वान पश्चात) पालिकाले अमानतबाट समेत राजस्व सङ्कलन गर्नेतर्फ ध्यान दिएको देखिएन। समयमा ठेक्का व्यवस्थापन गरी प्रतिस्पर्धात्मक तवरले ठेक्का लगाई आन्तरिक आय अभिवृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

३३.२ **उत्खनन् परिमाण -** पालिकाले यो वर्ष आह्वान गरेको ५ ठेक्का मध्ये ३९४० घन मि. उत्खनन् गर्ने गरी ज्याउदू चित्रे घाटको मात्र रु. २२,५८,६६२।०० मा सम्झौता भई सो रकम एकमुष्ट असूल गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन बाट कायम भएको उत्खनन् परिमाणमा पालिकाले वडा मार्फत अमानतबाट उत्खनन् गरेको परिमाण घटाई ठेक्का आह्वान तथा सम्झौता गरेको पालिकाले जनाएको छ। साथै सम्झौतामा उल्लेख भएको परिमाणमा नबढाई ठेकेदारले ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन् गरेको पालिकाले उल्लेख गरेपनि पालिकाले अधिकतम उत्खनन् परिमाण भित्र रहेर उत्खनन् भए नभएको सम्बन्धमा यकिन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आवश्यक अनुगमन तथा मूल्याङ्कन, सम्झौता गर्ने फर्महरूलाई जिम्मेवार बनाउने काम गरेको छैन। यसबाट बढी परिमाणमा ढुङ्गा, गिट्टि, बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कनबाट कायम भएको अधिकतम उत्खनन् परिमाणको सिमा भित्र रहेर मात्र उत्खनन् गर्ने व्यवस्था गर्नुपर्दछ । साथै संरक्षित क्षेत्रमा प्राकृतिक स्रोत साधनको दोहन हुन सक्ने भएकोले सोको नियन्त्रण गर्न पालिकाले समेत ध्यान दिनुपर्दछ।

३४ **कर तथा शुल्क असूली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान (रु.) | असूली (रु.) | असूली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ३००००० | ३१८०३३ | १०६.०१ |
| घरजग्गा कर/घरजग्गा रजिष्टेशन दस्तुर | ३०००००० | ३१४१३९६ | १०४.७१ |

| | | | |
|---|---|---|---|
| भुमिकर/मालपोत | ३०००००० | २१८४६९८ | ७२.८२ |
| घरजग्गा बहाल कर | १००००० | ३५६८६० | ३५६.८६ |
| व्यवसाय कर | ५००००० | २८६१२६ | ५७.२३ |
| बहाल विरौटी शुल्क | १५०००० | ५९८०२९ | ३९८.६९ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३५ **राजस्व रकम समयमा दाखिला नभएको** - गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २३ मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोबार गर्ने बैङ्कमा सोही दिन वा काबु बाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ।

स्रेस्ताहरूको नमुना परीक्षण गर्दा विभन्न वडाहरूले टाढा भएको कारण मासिक रूपमा अन्तमा एकमुष्ठ राजश्व बैङ्क दाखिला गर्नुपर्ने र पालिकाले राजश्व सङ्कलन भएको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्नेमा महिना समाप्त भएपछि एकमुष्ठ दाखिला गर्ने गरेकोले पालिका तथा उक्त वडालाई उल्लेखित तालिका अनुसारको हिसाब किताब गरी कानुन बमोजिमको जरिबाना लगाई हुन आउने रकम असूल गरी राजश्व प्रणालीलाई व्यवस्थित गर्न जोड दिनुपर्दछ।

| वडा नं. र पालिका | महिना | कुल राजश्व (रु.) | एकमुष्ठ दाखिला मिति |
|---|---|---|---|
| पालिका तर्फ | मंसिर | ४३,३८१ | २०७९।०९।०१ |
| ६ | असोज | ८४,७८६ | २०७९।०८।०२ |
| ६ | मंसिर | ६०,७४६ | २०७९।१२।०९ |
| ६ | पौष | २८,२२४ | २०७९।१२।०९ |
| ६ | माघ | २०,८७० | २०७९।१२।०९ |
| ८ | भाद्र | ३२,२०१ | २०७९।०७।२० |
| ९ | श्रावण | ३७,६०९ | २०७९।०६।०४ |
| ११ | श्रावण | ४९,६७८ | २०७९।०६।०९ |
| ११ | कार्तिक | ३८,३२७ | २०७९।०९।२३ |

३६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष

पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ५ लाख अनुमान गरेकोमा रु. २,८६,१२६।०० मात्र सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३७ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले दिएको निम्नानुसार पेश्की फछ्यौट भएको छैन । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फछ्यौट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाब कायम गर्नुपर्दछ ।

| क्र.सं. | पेश्की लिनेको नाम | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १ | एम एन सि लोयल जे.भि. | वन तथा वातावरण संरक्षण | २८५०००० |
| २ | मुक्तिनाथ / प्राकृतिक जे.भी. | सङ्घीय सरकार अन्य पूर्वाधार निर्माण साझेदारी | २६२०००० |
| जम्मा | | | ५४७०००० |

३८ **कार्यसम्पादन जमानत** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्ने बोलपत्र दाताले ऐनको दफा २७ (४) बमोजिम त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ। पालीकाले ठेक्का व्यवस्थापन गरेको ठेक्का नं. ४/MRM/ NCB/W/२०७९/८० को म्याद थप सहित २०८० मंसिर मसान्त सम्म भएकोले सोको आधारमा कार्यसम्पादन जमानतको म्याद २०८१ पौष मसान्त सम्म आवश्यक भएकोमा २०८१ भाद्र १८ सम्मको मात्र रहेको छ । कार्यसम्पादन जमानतको म्याद आवश्यक भन्दा कम हुँदा ठेक्का व्यवस्थापन कार्यमा असर पर्दछ। सम्बन्धित निर्माण व्यवसायी प्रयास एण्ड प्रसिद्ध कन्स्ट्रक्सनबाट तोकिएको अवधिको कार्यसम्पादन जमानत लिनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,२५,१४० |

३९ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा र नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पाईप तथा ग्याविन जाली खरिद गर्दा एकमुष्ट रूपमा टेन्डर आह्वान गरी खरिद गर्न सकिनेमा टुक्रा पारी सोझै खरिद गरेको छ । यसरी सोझै खरिद गर्दा खरिद कार्य मितव्ययी हुँदैन । खरिद कानुनको पालना नभएकोले यसरी खरिद गरेको अनियमित देखिएको रु.

| भौ.नं.।मिति | सप्लायर्स | खरिद खर्च (रु.) | कैफियत |
|---|---|---|---|
| ७ | विष्णुमाया सप्लायर्स | ९७९७१० | कृषि तर्फको पाईप |
| १९८ | प्रमन प्रमिला सप्लायर्स | ९४७६१८ | खानेपानी तर्फ पाईप |
| ४८५ | पौडेल मेटल इण्ड्रस्टी | ९९७२५६ | ग्याविन जाली खरिद |
| पाईप तथा जालीको जम्मा | | २९२४५८४ | |
| २४ | मल्ल फर्निचर ल्याण्ड | २०८५०० | |
| ७७ | स्याङ्जाली फर्निचर एण्ड फर्निसिङ सप्लायर्स | ४४९९९ | |
| २१८ | स्याङ्जाली फर्निचर एण्ड फर्निसिङ सप्लायर्स | २३०१०० | |
| ३७८ | स्याङ्जाली फर्निचर एण्ड फर्निचर सप्लायर्स | २१५९४३ | |
| ४२७ | युवा ट्रेड सप्लायर्स | ६७२९५० | |
| फर्निचरको जम्मा | | १३७२४९२ | |
| कुल जम्मा | | ४२९७०७६ | |

| | |
|---|---|
| अनियमित भएको | ४२,९७,०७६ |

४० **बीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । बीमाको म्याद थप गरेर समयमा निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ।

| ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम (रु.) | विमाको आवश्यक म्याद |
|---|---|---|---|
| ६७/MRM/NCB/W/२०७७/७८ | मुक्तिनाथ प्राकृतिक जे.भि. | ३०७८३१८५ | ३०/१०/२०८१ |

| | | | |
|---|---|---|---|
| १५/MRM/NCB/W/२०७८/०७९ | माताबाराहि इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ८००३९४० | ३०/०९/२०८१ |
| ४/MRM/NCB/W/२०७९/८० | प्रयास एण्ड प्रसिद्ध कन्स्ट्रक्सन | ९०२९३६० | ३०/०९/२०८१ |

४१ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिइएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट नभई रु. १०,६१,३२१ बाँकी रहेको देखिन्छ । उपरोक्त पेश्की मध्ये रु ४,९८,३२१।०० विगत/विगत वर्षको प्रतिवेदनमा समावेश भएकोमा हाल सम्म फछ्यौट भएको छैन। उक्त पेश्की नियमानुसार फछ्यौट गर्नुपर्दछ । चालु आ.व. को पेश्की नियमानुसार फछ्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिनेको नाम | प्रयोजन | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बेत्यानी राम्चे स्वारा घुम्ले सडक उपभोक्ता समिति | बेत्यानी राम्चे स्वारा घुम्ले सडक | २९७००० | गत विगतको प्रतिवेदनमा समावेश भएको |
| २ | आर.डि.ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ताङतिङ रूपु क्होलासोंथर सम्पदा मार्ग | २०१३२१ | ,, ,, |
| ३ | पलाचे खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | पलाचे खोला झोलुङ्गे पुल निर्माण | ५६३००० | |
| जम्मा | | | १०६१३२१ | |

| | |
|---|---|
| पेश्की | ५,६३,००० |

४२ **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई निम्नानुसार रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायी | पान नं. | बिल रकम (रु.) | भ्याट रकम (रु.) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १५/MRM/NCB /W/२०७८/०७९ | माताबाराहि इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि | ६०६७८४४३४ | ६२९३२६८ | ७२४००४ |
| ११/MRM/NCB /W/२०७९/८० | ढुङ्गाना कन्स्ट्रक्सन | ३०४७६४८४८ | १७७६९४५ | १९९७३८ |
| जम्मा | | | | ९२३७४२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२३,७४२ |

४३ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार कामको लागि उपभोक्ता समितिहरूलाई लागत सहभागिता कट्टा गरेर निम्नानुसार भुक्तानी गर्नुपर्नेमा रु. ११,७५०।०० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौचर नं. | काम | भुक्तानी हुनुपर्ने (रु.) | भएको (रु.) | बढी (रु.) |
|---|---|---|---|---|
| ३६५ | घाम्नुङ्ग हरियो स्वाँरा सडक स्तरोन्नती | ४३७१४० | ४४०१४३ | ३००३ |
| २७५ | पिए चोक देउराली गुराँसे कालिका मोटरबाटो स्तरोन्नती | १४१४३५३ | १४२३१०० | ८७४७ |
| जम्मा | | | | ११७५० |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ११,७५० |

४४ **उपभोक्ता समितिबाट रोजगारी सिर्जना नहुने काम** - सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आँफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन नमिल्ने व्यवस्था छ। साथै स्थानीय स्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिवृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिवृद्धि गर्ने उदेश्यले योजना सञ्चालनमा उपभोक्ता समितिको परिचालन गरिन्छ। तर पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको काम उपभोक्ता समिति मार्फत गरेकोमा रोजगारी सिर्जना नभई कार्यसम्पन्न रकम बराबरको रकम नै मेशिन परिचालन गरी सम्पन्न गरेको छ। जसको उदाहरण निम्नानुसार छ। यसबाट उपभोक्ता समितिबाट काम गराउनुको उद्देश्य पूरा हुँदैन। स्थानीय स्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिवृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिवृद्धि हुने प्रकृतिको योजनाहरूमा मात्र उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ।

| भौचर नं. | काम | कार्यसम्पन्न (रु.) | मेशिनको बिल (रु.) |
|---|---|---|---|
| ७९ | राखी मिजुरे सडक मर्मत सुधार वडा नं ८ | ४९११९१ | ५२२९९२ |
| ८० | सडक मर्मत वडा नं ९ | ३०४५९८ | २९३०६५ |
| ८१ | सडक मर्मत वडा नं ३ | ४२४२८९ | ४४०७४९ |
| १०६ | वडा अन्तर्गतको सडक मर्मत | ३२०४५४ | ३२५०६६ |
| १८७ | सडक मर्मत वडा नं ८ | ३१८०३२ | ३०७४४२ |
| १९३ | गोलेनडाँडा भुमरे हुँदै तप्राङ वडा कार्यालय सडक निर्माण | ५३०१९८ | ५३९०४३ |
| २५७ | बौलाह पाखा मोटरबाटो ट्र्याक निर्माण | ४३३३४६ | ५३६४९९ |
| ३१४ | फुस्रेडाँडा देखि थाम लङ्काथर सडक सुधार योजना | ५३५५३९ | ५३६५४९ |
| ३१६ | सडक मर्मत वडा नं १२ | १०६७५१३ | १०४६२६७ |
| ५२१ | ताङ्तिङ खेलमैदान निर्माण | १४६७०८० | १०६४४०३ |
| ५३७ | च्याँदी कुम्ले भिरकोबाटो हिमालय मा.वि. सडक निर्माण | १०४५१५४ | १०५५९८८ |

४५ **लगत कट्टा भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता निकासा -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएमा वा त्यस्तो सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई लगत कट्टा भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहाएका (अनुसूचीमा संलग्न) १८ व्यक्तिको लगत कट्टा पश्चात पनि भत्ता निकासा गरेको र बैंङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १०,९३,१५१ |

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू ५८४ जना रहेका छन्। पालिकाले भौ. नं. ५३४ बाट ७,००० थान स्यानिटरी प्याड रु. ६,७६,०००।०० मा खरिद गरेको छ। खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको पाइएन साथै पालिकाद्धारा विद्यालयमा उक्त प्याडको प्रयोग र व्यवस्थापन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

४७ **विद्यालय भौतिक पूर्वाधार निर्माण** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरू स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १,४०,५७,०२७।०० लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरूले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.सं. | बिद्यालयको नाम | कामको विवरण | निकासा रकम (रु.) |
|---|---|---|---|
| १ | सीताराम मा. वि.याङ्जाकोट मादी,३ | ४ कोठे विद्यालय भवन निर्माण | ४०५७०२७ |
| २ | ध्रुव मा.वि तारकाङ मादी,४ | ४ कोठे विद्यालय भवन निर्माण | ५०००००० |
| ३ | हिमालय मा.वि. गोर्जे मादी,९ | ४ कोठे विद्यालय भवन निर्माण | ५०००००० |
| जम्मा | | | १४०५७०२७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४०,५७,०२७ |

४८ **ईन्टरनेट जडान** - कार्यक्रम कार्यन्वयन पुस्तीका २०७९।०८० को व्यवस्था अनुसार पालिका भित्रका ५० विद्यालयमा विलका आधारमा ईन्टरनेट जडानका लागि प्रति विद्यालय रु. १२ हजार का दरले जम्मा रु. ६ लाख अनुदान भुक्तानी भएकोमा सम्बन्धित विद्यालयमा ईन्टरनेट जडान भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

४९ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था, विद्यार्थीको संख्या र विद्यार्थी शिक्षक अनुपात निम्नानुसार (अनुसूचीमा) रहेको देखिन्छ।

- स्थानीय तह मातहतमा रहेक ५१ विद्यालयमा २८३ शिक्षक दरबन्दी रहेकोमा २८३ पदपूर्ति भएको र पदपूर्ति मध्ये १०६ करारमा देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।
- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार

ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिकाले दिएको विवरण अनुसार यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका वडा हरूमा २९ वटा योजना सञ्चालन गरी २६ वटा सम्पन्न भएको छ भने यस अन्तर्गत यस वर्ष ६८ जनालाई औसत ८० दिन रोजगारी उपलब्ध गराई रु. ५३ लाख ४६ हजार ६६८ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५१ **सुरक्षित आप्रवाशन (सामि) -** सुरक्षित आप्रवसन कार्यक्रम मार्गदर्शन, २०७९ बमोजिम पालिकामा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित वनाउने उद्देश्यले नेपाल सरकारद्धारा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रमको लागि रु. २५,००,०००।०० प्राप्त भएकोमा रु. २३,६०,३४१।०० खर्च भएको छ। खर्च मध्ये ५ जना कर्मचारी (तथ्याङ्क सङ्कलक) को तलबमा रु. १४,९७,०७०।००, पार्श्व चित्र निर्माणमा रु. ३,४९,१७६।०० र बाँकी रकम विविध कार्यक्रम सञ्चालन, अनुगमन, सामाग्री खरिद तथा अन्य खर्च गरेको देखियो। स्रेस्ता परीक्षण गर्दा वित्तीय साक्षरता र मनोपरामर्शको कार्यक्रम उपलब्धी भएको देखिएको छ भने कार्यविधि बमोजिम वैदेशिक रोजगारमा जाने कामदारलाई सीप क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा विशेष ध्यान दिई कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

५२ **लघु उद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजश्व खातामा दाखिला गर्नु पर्ने तथा कहीं पनि उक्त सामान बिक्री नभएमा स्टोर दाखिला गरी यथाशीघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ।

५२.१ कार्यालयले अगरबत्ती निर्माण सीप विकास तालिममा रु. १६,४४०।०० को कच्चापदार्थ खरिद गरी अगरबत्ती निर्माण गरेकोमा उक्त मालसामान सहभागीहरूलाई नै निशुल्क हस्तान्तरण गरेकोले उक्त मालसामानको परल मूल्यको पचास प्रतिशत हुन आउने रकम सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ८,२२० |

५२.२ कार्यालयले ३० दिने हस्तकला (वुटिक) सामाग्री निर्माण सम्बन्धी सीप विकास तालिममा रु. ४१,९९५।०० को कच्चापदार्थ खरिद गरी बुटिक सामान निर्माण गरेकोमा उक्त मालसामान सहभागीहरू लाई नै निशुल्क हस्तान्तरण गरेकोले उक्त मालसामानको परल मूल्यको पचास प्रतिशत हुन आउने रकम सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | २०,९७२ |

५२.३ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार सञ्चालन भएका लघु उद्यम विकासका विभिन्न कार्यक्रममा भएको कुल बजेट रु. ३०,००,०००।०० मध्ये तलबमा ८,७५,४५२।०० प्रविधि हस्तान्तरणमा रु. १,४०,०००।०० र विभन्न तालिममा रु. १८,४४,५७०।०० गरी कुल रु. २८,६०,०२२।०० खर्च भएको छ। विभिन्न कार्यक्रममा कार्यालयबाट अनुगमन गरी भत्ता बुझ्ने गरेको पाइएको तर अनुगमन प्रतिवेदन पेश गर्ने नगरेकोले उक्त कार्यक्रममा अनुगमन भए नभएको यकिन हुन सकिएन। अनुगमन पश्चात अनुगमन प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्दछ । केही उदाहरणहरू यस प्रकार छन्ः

| भौचर नं. | कार्यक्रमको नाम | अनुगमन खर्च (रु.) |
|---|---|---|
| २१८ | सिलाई कटाई सिप विकास तालिम | २४,००० |
| २४२ | लैङ्गिक समानता तालिम | १५,६०० |
| २४९ | प्रविधि हस्तान्तरण | १९,२०० |
| ३२५ | हस्तकला (वुटिक) सामाग्री निर्माण सम्बन्धी सीप विकास तालिम | २३,४०० |
| ३८८ | व्यवसायिक मौरी पालन सीप विकास तालिम | ४४,९०० |

५३ **कृषि तथा पशुमा अनुदान** - सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देखिएका समस्याहरू देहाय अनुसार छन्ः

- कृषक तालिम सञ्चालन गर्दा सबै वडाका कृषकहरूलाई समेट्न नसकेकोले समय मिलाई सबै वडाका किसान समेटिने गरी तालिम सञ्चालन गरिनुपर्दछ।
- कृषकहरूले तालिम लिए पश्चात व्यावसाय दर्ता गरेमा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानद्वारा निःशुल्क टुल बक्स प्राप्त गर्ने अवसर हुँदा कृषकहरूलाई व्यावसाय दर्ता गर्न तर्फ जागरुक गराउनु पर्दछ।
- विषादीको सम्बन्धमा कृषकलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन तर्फ पालिकाले जोड नदिएको पाइएकोले जोड दिन आवश्यक छ।
- किसान सूचीकरण कार्यक्रमका लागि प्रति वडा १ गणक नभएका कारण सबै वडाको किसान सूचीकरण व्यवस्थित हुन नसकेकोले एक वडा एक गणक भर्ना गर्नु पर्दछ।
- हरेक वडामा कम्तीमा एक हाते ट्रयाक्टर मर्मत गर्ने प्राविधिक भएमा बिग्रिएका ट्रयाक्टर गाउँमै थोरै खर्चमा मर्मत गर्न सकिने भएकोले हाते ट्रयाक्टर मर्मत तालिम वडामा सञ्चालन गर्नु आवश्यक देखिन्छ।
- मौरी निकै संवेदनशील प्राणी भएकाले, एउटा भु-भागको मौरी आफू बसिरहेको भन्दा फरक भू-भागमा बस्न परेमा घार छोडी उड्ने, गोला वृद्धि गर्न नसक्ने भएकाले पालिकाले स्थानीय मौरी

व्यवसायीबाट मौरी सहितको घार खरिद गर्न सकेमा यस्ता किसिमका कार्यक्रम निकै प्रभावकारी हुने देखिन्छ।

- पशुपन्छी औषधी निशुल्क वितरण गरिने हुँदा कृषकहरूले दोहोरो औषधी बुझिलिने गरेको पाइएकोले पालिकाले औषधी वितरणमा रहेको दोहोरोपना हटाई कृषकलाई औषधी सचेतना सम्बन्धी कार्यक्रममा ध्यान दिनुपर्दछ।
- पशु स्वास्थ्य शिविर कार्यक्रममा प्रयोगशालाका सामाग्रीहरू ढुवानी गर्ने बाकसका अभावका कारण सामग्रीको व्यवस्थित ढुवानी भएको पाइएन, त्यसतर्फ पालिकाले ध्यान दिन आवश्यक छ।

५४ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा यस वर्ष १०० थान न्यानो झोला रु. ८९,९९९।०० मा खरिद गरेकोमा यस वर्ष ६५ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा यो वर्षमा खरिद गरिएका न्यानो झोला मध्ये ३५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले विभिन्न फर्महरूबाट रु. ९ लाख ९५ हजार ९४६ को औषधि कोटेशनद्धारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्ः

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति,ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद,आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू **LMIS** मा प्रविष्ट गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| भौचर नं. | आपूर्तिकर्ता | खरिद विधि | रकम |
|---|---|---|---|
| १११ | चुनचुन फार्मेसी | शिलवन्दी दरभाउ | ११,२१,४७८ |
| ४६ | चिराग फार्मेसी प्रा. लि. | कोटेशन | ३,१३,९५९ |

| जम्मा | १४,३५,४३७।०० |
|---|---|

५६ **भाडामा सवारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले ग.२च. ६३०३ नं को चार पाङ्ग्रे सवारी मिति २०७९।४।१ देखि २०८० असार मसान्तसम्मको लागि मासिक रु.९९,५००।०० का दरले र ग.३ च. ३८६१ को चारपाङ्ग्रे सवारी मिति २०७९।४।१ देखि २०८० वैशाख मसान्त सम्मका लागि मासिक रु.९९,५००।०० दरले भाडा सम्झौता गरी भुक्तानी गरेको छ भने सवारी साधनको मर्मतमा समेत खर्च लेखेको छ। पालिकाले ग.२च. ६३०३ नं. को सवारी कार्यालय प्रयोजनका लागि र ग.३च.३८६१ नं. को सवारी योजना अनुगमन तथा उपाध्यक्षको सुविधा अन्तर्गत प्रयोगमा ल्याएको जनाएको छ । पालिकाले उक्त सवारीहरू प्रयोगको अभिलेख राखेको छैन । सवारी साधन भाडामा लिँदा लाभ लागतलाई विश्लेषण तथा प्रयोगको अभिलेख व्यवस्थित गरी खर्च मितव्ययीतालाई ध्यान दिनुपर्दछ।

५७ **सरकारी खर्चमा शुभकामना प्रकाशन/प्रशारण** - अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था छ । पालिकाले विभिन्न अवसरमा पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट शुभकामना सन्देश प्रकाशित गरेको छ । केही उदाहरण निम्नानुसार छ । यस्तो खर्चमा नियन्त्रण गरी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

| भौचर नं. | विषय | भुक्तानी भएको पक्ष | रकम (रु.) |
|---|---|---|---|
| ४६६ | दशै तिहार नेपाल संवत् तथा छठ पर्वको शुभकामना | अन्नपूर्ण एफ एम | ५००० |
| ४९१ | दशै तिहार नेपाल संवत् तथा छठ पर्वको शुभकामना (अध्यक्ष/उपाध्यक्ष) | अन्नपूर्ण एफ एम | १५००० |
| ६०९ | नयाँ पत्रिका १६ औं वर्ष पूरा गरी १७ औं वर्ष पूरा गरेको अवसरमा शुभकामना | नयाँ प्रकाशन प्रा.लि. | ५००० |
| ६१५ | शुभकामना तथा सन्देश | सांदीपन मिडिया प्रा.लि. | २०००० |
| ६४२ | शुभकामना सन्देश | तोगिलम्तरी पोखरा सम्पर्क समाज | १०००० |
| जम्मा | | | ५५००० |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थान :** मादी गाउँपालिका, कास्की ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण प्रसाद सापकोटा | २०७६-८-२२ | २०७९-४-२५ |
| कार्यालय प्रमुख | नारायण प्रसाद सापकोटा | २०७६-८-२२ | २०७९-४-२३ |
| कार्यालय प्रमुख | गोपी कृष्ण अर्याल | २०७९-४-२६ | २०८०-२-२१ |
| कार्यालय प्रमुख | नारायण प्रसाद अधिकारी | २०८०-२-२२ | २०८०-७-२ |
| कार्यालय प्रमुख | कमल प्रसाद गौतम | २०८०-७-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी कोइराला | २०७६-४-२३ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१३४,०९३ | ६,६५०,८०५ | १७,६०५,९०९ | ० | ० | ५६३,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | २५,९५३,८०७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | २५,९५३,८०७ |

## पालिकाको एकिकृत आर्थिक विवरण - अनुसूची-२

| क्र.सं. | आयतर्फ | | | क्र.सं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १४४३९२३५६ | १ | चालु खर्च(साट्न बाँकी चेक घटाएर) | | ३५०९२७९६६ |
| | क) नगद | ० | | २ | पुँजीगत खर्च(साट्न बाँकी चेक घटाएर) | | १७६०८३७६८ |
| | ख) बैङ्क मौज्दात सञ्चित कोष | १२६३८१३३४ | | ३ | विषयगत (भुक्तानी आदेश वनाइ भएको खर्च ) तर्फः | | १७५३९६४८२ |
| | ग) बैङ्क मौज्दात प्रकोप व्यवस्थापन कोष | १०८०२७६९ | | ४ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | घ) बैङ्क मौज्दात धरौटी खाता | ३६६६७५३ | | | क) ऋण भुक्तानी | | |
| | घ) बैङ्क मौज्दात विविध खर्च खाता | ९४१५०० | | | ख) ब्याज भुक्तानी | | |
| | घ) बैङ्क मौज्दात विविध कोष खाता | २६००००० | | | ग) अन्य भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ११९९२२२४४ | ५ | लगानी | | |
| | क) आन्तरिक राजस्व आफ्नो मात्र | १८०७४२५४ | | | ऋण लगानी | | |
| | ख) राजस्व बाँडफाँड (संघ) | ८९१४०९७९ | | | शेयर लगानी | | |
| | ग) राजस्व बाँडफाँड (प्रदेश) | ८३८४३१५ | | | अन्य लगानी | | |
| | घ) राजस्व बाँडफाँड (स्थानीय) | ४३२२६९६ | | | | | |
| ३ | वित्तीय हस्तान्तरण | | ४२११७५००० | | | | |
| | क)वित्तीय समानीकरण अनुदान संघ | ८८९८५००० | | | | | |
| | ख) सशर्त अनुदान संघ | ३१४१९०००० | | ६ | धरौटी फिर्ता | | १०१६६४४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) विशेष अनुदान संघ | १००००००० | | | विविध खर्च खाता खर्च | | १६७७६४३ |
| | घ) समपूरक अनुदान | ८०००००० | | ७ | क) विभिन्न कोष खर्च (प्रकोप व्यवस्थापन कोष) | | १८४२८०२ |
| ४ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | १७५३९६४८२ | | ख)विभिन्न कोष खर्च (विभाज्य कोष) | | २२५८६६२ |
| | क) जेष्ठ नागरिक दीर्घ सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | १७४७७१३२३ | | ८ | मौज्दात | | १२७९०८६६३ |
| | ख)एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ० | | | क) नगद मौज्दात | ० | |
| | ग)गरिब सँग विशेश्वर कार्यक्रम | ६२५१५९ | | | ख) बैङ्क मौज्दात सञ्चित कोष | १०८५३३१९६ | |
| | | | | | ग) बैङ्क मौज्दात धरौटी | ४३५७५०० | |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १९८७२१२५ | | घ) बैङ्क मौज्दात (प्रकोप व्यवस्थापन कोष) | १०४५९९६७ | |
| | क)वित्तीय समानीकरण अनुदान | ९१८३१२५ | | ९ | ङ) महिला तथा वाल विकास कोष खाता | १००००० | |
| | ख) सशर्त अनुदान | ० | | | च) कर्मचारी कल्याण कोष खाता | ४०००००० | |
| | ग) समपूरक अनुदान | ८०००००० | | | छ) विभाज्य कोष खाता | ० | |
| | घ) विशेष अनुदान | २६८९००० | | | ज) विविध खर्च खाता | ४५८००० | |
| | | | | | झ) चालु र पुंजीगत खर्च खाता विजोर वर्ष | ० | |
| ६ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | चेक साट्न बाँकी | | |
| ७ | वित्तीय व्यवस्था प्राप्ति | | | १० | सशर्त अनुदान संघ फिर्ता | | ५४८८८६८५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) ऋण प्राप्ति | | | ११ | विशेष अनुदान संघ फिर्ता | | ० |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) व्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ८ | विभिन्न कोषतर्फको आय | | ६४५२८०५ | | | | |
| | प्रकोप व्यवस्थापन कोष | १५००००० | | | | | |
| | महिला तथा वाल विकास कोष | ० | | | | | |
| | कर्मचारी कल्याण कोष | १५००००० | | | | | |
| | स्थानीय तह विभाज्य कोष खाता | २२५८६६२ | | | | | |
| | विविध खर्च खाता | ११९४१४३ | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | ३०८२९१२ | | | | |
| | क) प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | ३३५३५५ | | | | | |
| | ख) सडक बोर्ड नेपाल | २६०८८७० | | | | | |
| | ग) पर्यटन बौर्ड नेपाल | ० | | | | | |
| | घ) जिल्ला समन्वय समिति कास्की | १३८६८७ | | | | | |
| १० | धरौंटी प्राप्त | | १७०७३९१ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| जम्मा | | | ८९२००१३१४ | | जम्मा | | ८९२००१३१४ |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -३

| वडा नं. | नाम | किसिम | लगत कट्टा हुनुपर्ने मिति | कुल भुक्तानी (रु.) | बढी भुक्तानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नम्रता देवी परियार | अति असक्त अपाङ्ग | २०७९।३।३० | १२,७६८ | १२,७६८ | प्रथम, दोस्रो त्रैमासिक |
| १ | हरिकला सुवेदी | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | दुजा कामिनी | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | मन कली दमिनि | अ. जे. ना | २०७९।३।३० | १२,००० | १२,००० | प्रथम त्रैमासिक |
| ३ | लालमती कामी | अ. जे. ना | २०७४।६।१७ | २,३४,९५९ | २,३४,९५९ | २०७४।६।१७ गते लगत कट्टा भएकोमा हालसम्म भत्ता जम्मा भईरहेको र बैङ्कको खाता हेर्दा खातामै मौज्दात रहेको |
| १ | डमर वहादुर गुरुङ | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | जगनमाया गुरुङसेनी | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | पारु वि क | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | वुद्धीवाल दमाई | अ. जे. ना | २०७९।३।३० | १२,००० | १२,००० | प्रथम त्रैमासिक |
| १ | मैता सि गुरुङ | अ. जे. ना | २०७९।३।३० | १२,००० | १२,००० | प्रथम त्रैमासिक |
| १ | जंगे कामी | अ. जे. ना | २०७४।२।१३ | २,१०,४८७ | २,१०,४८७ | २०७४।२।१३ गते लगत कट्टा भएकोमा हालसम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भत्ता जम्मा भईरहेको र बैङ्कको खाता हेर्दा खातामै मौज्दात रहेको |
| १ | कविरि गुरुङ | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | विष्णु कुमारी गुरुङ | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | वाला गुरुङ्क | अ. जे. ना | २०७६।१।२९ | १,५७,९६६ | १,५७,९६६ | २०७६।१।२९ गते लगत कट्टा भएकोमा हालसम्म भत्ता जम्मा भईरहेको र बैङ्कको खाता हेर्दा खातामै मौज्दात रहेको |
| ३ | दल वः गुरुङ | अ. जे. ना | २०७४।१०।१३ | २,२४,९७१ | २,२४,९७१ | २०७४।१०।१३ गते लगत कट्टा भएकोमा हालसम्म भत्ता जम्मा भईरहेको र बैङ्कको खाता हेर्दा खातामै मौज्दात रहेको |
| १ | विष्णु गुरुङ | अ. जे. ना | २०७९।३।३० | २४,००० | २४,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | वेल सुवा गुरुङ | अ. जे. ना | २०७९।३।३० | १२,००० | १२,००० | प्रथम, दोस्रो त्रैमासिक |
| १ | यन माया गुरुङसेनी | अ. जे. ना | २०७९।२।२१ | १२,००० | १२,००० | प्रथम त्रैमासिक |
| जम्मा | | | | | १०,९३,१५१।०० | |

**बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क.स. | विद्यालयको नाम | ठेगाना | शिक्षक दरबन्दी | पदपूर्ति | करार/ राहत/ अन्य | जम्मा विद्यार्थी सख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | नल्कु आधारभुत विद्यालय | वडा नं.१पार्चे | ३ | ३ | १ | १२ | ४ |
| २ | स्थानपति आधारभुत विद्यालय | वडा नं.१ खिलाङ | ६ | ६ | १ | ७७ | १३ |
| ३ | नारायणी आधारभुत विद्यालय | वडा नं.२ नामार्जुङ | ४ | ४ | २ | ४० | १० |
| ४ | महेन्द्रोदयआधारभुत विद्यालय | वडा नं.२ घ्याम्राङ | ५ | ५ | ३ | १७ | ३ |
| ५ | मंगलोदयआधारभुत विद्यालय | वडा नं.३ स्यारचोक | ३ | ३ | १ | १५ | ५ |
| ६ | बिन्दवासिनी आधारभुत विद्यालय | वडा नं.३ स्यागे | ३ | ३ | ३ | १० | ३ |
| ७ | ब्रम्हाचारिणी आधारभुत विद्यालय | वडा नं.३ एक्लेखेत | १ | १ | ० | ४ | ४ |
| ८ | नवदुर्गा आधारभुत विद्यालय | वडा नं.४ बगालेडाँडा | ३ | ३ | ० | १८ | ६ |
| ९ | सरस्वती आधारभुत विद्यालय | वडा नं.४ केउरानी | ३ | ३ | ० | ६ | २ |
| १० | बमचन्द्रकला आधारभुत विद्यालय | वडा नं.५मादीबेसी मगरगाउँ | ३ | ३ | ० | २८ | ९ |
| ११ | हिमालय आधारभुत विद्यालय | वडा नं.५ चितेपानी | ३ | ३ | ० | ११ | ४ |
| १२ | विद्याज्योती आधारभुत विद्यालय | वडा नं.५ ठुलास्वाँरा | ७ | ७ | १ | ४७ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | चण्डीका आधारभुत विद्यालय | वडा नं.५ बयरघारी काउरे | ४ | ४ | ० | १०४ | २६ |
| १४ | भुमे आधारभुत विद्यालय | वडा नं.६ थाक | २ | २ | १ | ४ | २ |
| १५ | शिवशक्ती आधारभुत विद्यालय | वडा नं.६ हुर्लुङतप्राङ | २ | २ | ० | १० | ५ |
| १६ | शिल्दु आधारभुत विद्यालय | वडा नं.७ थाक | ३ | ३ | १ | १७ | ६ |
| १७ | बालपदम आधारभुत विद्यालय | वडा नं.७ बास्कोटसवी | ३ | ३ | ३ | ३४ | ११ |
| १८ | बराह आधारभुत विद्यालय | वडा नं.७ मेलबोट | ३ | ३ | ० | १९ | ६ |
| १९ | कालिका आधारभुत विद्यालय | वडा नं.७ रामडाँडा छाचोक | २ | २ | ० | १० | ५ |
| २० | धनुबासकालिका आधारभुत विद्यालय | वडा नं.७ छाचोक | ३ | ३ | ० | ४६ | १५ |
| २१ | नारायण आधारभुत विद्यालय | वडा नं.८ रबैडाँडा | ७ | ७ | २ | ६४ | ९ |
| २२ | शिव आधारभुत विद्यालय | वडा नं.८ पातालचौतारी | २ | २ | ० | ८ | ४ |
| २३ | प्रभात आधारभुत विद्यालय | वडा नं.८ नागीधार पाखुरीकोट | ७ | ७ | १ | ११२ | १६ |
| २४ | सिद्द आधारभुत विद्यालय | वडा नं.८पोसी | ३ | ३ | ३ | २१ | ७ |
| २५ | नवप्रभात आधारभुत विद्यालय | वडा नं.८सुन्दरबेसी | २ | २ | २ | ५ | ३ |
| २६ | दिपज्योती आधारभुत विद्यालय | वडा नं.८ सिमलसवाँरा | २ | २ | १ | १४ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | प्रगतीसदन आधारभुत विद्यालय | वडा नं.९मुग्री | ३ | ३ | २ | १७ | ६ |
| २८ | सरस्वतीकुञ्ज आधारभुत विद्यालय | वडा नं.९गहते | ७ | ७ | ५ | ५४ | ८ |
| २९ | गंगा आधारभुत विद्यालय | वडा नं.९कमलबोट | २ | २ | ० | १३ | ७ |
| ३० | बालकल्याण आधारभुत विद्यालय | वडा नं.९मुग्रीबेसी | ७ | ७ | ३ | १११ | १६ |
| ३१ | देवी आधारभुत विद्यालय | वडा नं.१०ढोडेनी | २ | २ | २ | ७ | ४ |
| ३२ | जनमन्दिर आधारभुत विद्यालय | वडा नं.१०कसेरी | ७ | ७ | ५ | ११८ | १७ |
| ३३ | विश्वज्योती आधारभुत विद्यालय | वडा नं.१०छेलाङ | ३ | ३ | २ | ११ | ४ |
| ३४ | सेवामिलन आधारभुत विद्यालय | वडा नं.१०भाचोक | ७ | ७ | ३ | ६७ | १० |
| ३५ | दिपेन्द्र आधारभुत विद्यालय | वडा नं.१०कयरे | २ | २ | ० | १७ | ९ |
| ३६ | अन्नपूर्णसीतापोखरी आधारभुत विद्यालय | वडा नं.११वार्चोक | ३ | ३ | २ | ३९ | १३ |
| ३७ | शोभा आधारभुत विद्यालय | वडा नं.११बरालडाँडा | ३ | ३ | २ | ३१ | १० |
| ३८ | भगवती आधारभुत विद्यालय | वडा नं.१२पहिरे | ३ | ३ | १ | ३० | १० |
| ३९ | विश्वज्योती आधारभुत विद्यालय | वडा नं.१२राम्चे | ३ | ३ | २ | १० | ३ |
| ४० | हिमालय आधारभुत विद्यालय | वडा नं.१२लिपेयानी | ७ | ७ | ० | ३४ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१ | बसुन्धरा आधारभुत विद्यालय | वडा नं.१२ हाडीखोला | ३ | ३ | ० | २० | ७ |
| ४२ | अन्नपूर्ण माध्यमिक विद्यालय | वडा नं.१ सिक्लेस | १३ | १३ | २ | २८० | २२ |
| ४३ | दुधपोखरी माध्यमिक विद्यालय | वडा नं.१ सोंधा | ११ | ११ | ६ | ५५ | ५ |
| ४४ | हिमालयमिलन माध्यमिक विद्यालय | वडा नं.२ ताङतिङ | १२ | १२ | ७ | १०४ | ९ |
| ४५ | सीताराम माध्यमिक विद्यालय | वडा नं.३ याङजाकोट | १६ | १६ | ४ | १९५ | १२ |
| ४६ | ध्रुव माध्यमिक विद्यालय | वडा नं.४ तारकाङ | १६ | १६ | ६ | १६१ | १० |
| ४७ | महारुद्र माध्यमिक विद्यालय | वडा नं.६ तप्राङ | १३ | १३ | ४ | १४९ | १२ |
| ४८ | धनुबासकालिका माध्यमिक विद्यालय | वडा नं.७छाचोक | ८ | ८ | ४ | ७२ | ९ |
| ४९ | हिमालय माध्यमिक विद्यालय | वडा नं.९गोर्जे | १६ | १६ | ६ | १७९ | ११ |
| ५० | जनकल्याण माध्यमिक विद्यालय | वडा नं.१० मकैखोला | १६ | १६ | ७ | १५७ | १० |
| ५१ | राष्ट्रज्योती माध्यमिक विद्यालय | वडा नं.११सैमराङ | ११ | ११ | ५ | ८८ | ८ |
| जम्मा | | | २८३ | | १०६ | २७७२ | १० |